श्रम विभाग द.प्र.प.नं: ९/०६५/०६६
(ट्रेड युनियन ऐन, २०४९ बमोजिम स्थापित ट्रेड युनियन महासंघ)
पेसागत महासङ्घ नेपाल
Confederation of Nepalese Professionals (CONEP)

**कोनेप सर्कुलर- ३** मितिः २०७३।९।२९

श्री अध्यक्षज्यू,
सबै आवद्ध/संवद्ध घटक/जिल्ला समिति ।

**बिषयः- राष्ट्रिय समितिको तेश्रो पूर्ण वैठकका निर्णयहरु पठाईएको ।**

मुलुकको सार्वजनिक क्षेत्रमा काम गर्ने पेसाकर्मीहरुको छाता संगठन पेसागत महासङ्घ, नेपाल, राष्ट्रिय समितिको तेश्रो पूर्ण वैठक यहि २०७३ पौष २० र २१ गते पेसागत भवन काठमाडौंमा सम्पन्न भएको छ । महासङ्घका अध्यक्ष क विश्वनाथ प्याकुरेलको अध्यक्षतामा वसेको उक्त वैठकमा नेकपा (एमाले) का महासचिव क ईश्वर पोखरेलको प्रमुख आतिथ्यता र मोर्चा संगठन प्रमुख क गोकर्ण विष्टको विशिष्ट आतिथ्यता रहेको वैठकको प्रारम्भमा महासङ्घको मुखपत्र "सहयात्रा २०७३" विमोचन गरिएको थियो । वैठकलाई पार्टी महासचिव क ईश्वर पोखरेल र मोर्चा संगठन प्रमुख क गोकर्णराज विष्टले सम्बोधन गर्नुभएको थियो वैठकले देशको बिद्यमान परिस्थितिको समिक्षा गर्दै संबिधान कार्यान्वयनका लागि खवरदारी गर्न सम्पूर्ण पेसाकर्मीहरुमा आहवान गरेको छ । पेसागत क्षेत्रमा भएको यस बिचका घटनाहरुको समिक्षा गर्दै मुलुकको ट्रेड युनियन आन्दोलनलाई व्यबस्थित,मर्यादित र समयानुकूल परिस्कृत गर्न आवश्यक रहेको निष्कर्ष निकाल्दै प्रशिक्षण तथा महासङ्घको संगठन सुदृढीकरण कार्ययोजना लाई अभियानको रुपमा कार्यान्वयन गर्ने निर्णय गरेको छ । महासङ्घका निर्णयहरु लाई प्रभावकारी कार्यान्वयनको लागि तहाँ प्रेषित गरिएको छ ।

१ महासचिव विष्णु लामिछानेले प्रस्तुत गर्नुभएको सांगठनिक प्रस्ताव तथा कोषाध्यक्ष श्यामप्रसाद पाण्डेले प्रस्तुत गर्नुभएको आर्थिक प्रस्ताव सुझाव सहित पारित गरिएको छ ।

२ महासङ्घको आर्थिक गतिविधिलाई व्यवस्थित गर्ने सम्बन्धमा महासङ्घको लेखा आयोगको तर्फवाट आयोगका प्रमुख टंक पाण्डेले प्रश्तुत गर्नुभएको सुझाव कार्यान्वयनगर्ने निर्णय गरिएको छ ।

३ सांगठनिक सुदृढिकरण अभियान अन्तर्गत वैठकले निम्न वमोजिम कार्ययोजना वनाएको छ । सांगठनिक सुदृढिकरण अभियानबारे संगठन बिभागले तयार गरेको बिबरण यसै साथ संलग्न छ ।

प्रशिक्षणमुलक प्रदेश भेलाहरु निम्न वमोजिम संचालन गर्ने निर्देशन गरिएको छ ।

| पदेश | मिति | स्थान |
|---|---|---|
| प्रदेश नं १ | २०७३ माघ २८ र २९ | इटहरी |
| प्रदेश नं २ | २०७३ फाल्गुण ६ र ७ | जनकपुर |
| प्रदेश नं ३ | २०७३ माघ २१ र २२ | काठमाडौं |
| प्रदेश नं ४ | २०७३ फाल्गुण २० र २१ | पोखरा |

| पदेश | मिति | स्थान |
|---|---|---|
| प्रदेश नं ५ | २०७३ फल्गुण १५ र १६ | रुपन्देही |
| प्रदेश नं ६ | २०७३ फाल्गुण १० र ११ | सुर्खेत |
| प्रदेश नं ७ | २०७३ फाल्गुण १२ र १३ | कञ्चनपुर |

४ वैठकले सहइन्चार्जको जिम्मेवारी तोक्न वांकि रहेका प्रदेश नं ४, प्रदेश नं ५, प्रदेश नं ६, प्रदेश नं ७ मा जिम्मेवारी तोकेको छ । साथै वैठकले देहायअनुसार पचहत्तरै जिल्लामा जिल्ला इन्चार्जहरुको जिम्मेवारी समेत तोकेको छ । प्रदेशका लागि देहाय अनुसार सह-इन्चार्जहरुको जिम्मेवारी दिने निर्णय गरिएको छ ।

प्रदेश नं. ४ देवी प्रसाद वस्याल
प्रदेश नं. ५ हरिश्चन्द्र वि.क.
प्रदेश नं. ६ यज्ञबहादुर रेग्मी (साविक कर्णाली अञ्चल बाहेक) , मनिराज वराल (साविक कर्णाली अञ्चल हेर्ने गरी)
प्रदेश नं. ७ जहरसिंह थापा
पिछडिएको क्षेत्र सह- इन्चार्ज - देवीकृष्ण चौलागाई

प्रदेश नं १

| क्र.स | जिल्ला | इञ्चार्ज | कैफियत |
|---|---|---|---|
| १. | ताप्लेजुङ | दिलिप भट्टराई | |
| २. | पाँचथर, इलाम | देवराज कार्की | |
| ३. | झापा | जानुका गुरागाई | |
| ४. | मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, उदयपुर | राजकुमार गिरी | |
| ५. | भोजपुर | हरिकृष्ण दाहाल | |
| ६. | संखुवासभा | केशकुमारी कार्की | |
| ७. | सोलु, ओखलढुङ्गा | विनोद वस्नेत | |
| ८. | खोटाङ | खगेन्द्रप्रसाद राई | |

प्रदेश नं २

| क्र.स | जिल्ला | इञ्चार्ज | कैफियत |
|---|---|---|---|
| १. | सिराहा, सप्तरी | अशेषकुमार लम्साल | |
| २. | धनुषा | रेखाकुमारी सिंह | |
| ३. | महोत्तरी, सर्लाही | विक्रम भण्डारी | |
| ४. | रौतहट | राधेश्याम झा | |
| ५. | पर्सा | सन्तोषकुमार सिंह | |
| ६. | वारा | टिना सुवेदी | |

प्रदेश नं ३

| क्र.स | जिल्ला | इञ्चार्ज | कैफियत |
|---|---|---|---|
| १. | चितवन | विनोद मिश्र | |
| २. | सिन्धुपाल्चोक | ईश्वरी सुवेदी | |
| ३. | सिन्धुली, ललितपुर | हरिदेव यादव | |
| ४. | रामेछाप | अमर पौडेल | |
| ५. | दोलखा | रामशरण वोहोरा | |
| ६. | काभ्रे | सूर्य अधिकारी | |
| ७. | भक्तपुर | भवानी खड्का | |
| ८. | काठमाडौं | इन्दीरा रिजाल | |
| ९. | धादिङ | रम्भा पौडेल | |
| १०. | रसुवा | उर्मिला खनाल | |
| ११. | नुवाकोट | कृष्णचन्द्र उप्रेती | |
| १२. | मकवानपुर | मैना पोखरेल पराजुली | |

प्रदेश नं ४

| क्र.स | जिल्ला | इञ्चार्ज | कैफियत |
|---|---|---|---|
| १ | कास्की, मनाङ | लोचना अधिकारी | |
| २ | गोरखा, तनहुँ, स्याङ्जा, मुस्ताङ, पर्वत | देवीप्रसाद वस्याल | |
| ३ | लमजुङ, वाग्लुङ | विष्णुप्रसाद आचार्य | |
| ४ | म्याग्दी | छविन्द्र वेलवासे | |

प्रदेश नं ५

| क्र.स | जिल्ला | इञ्चार्ज | कैफियत |
|---|---|---|---|
| १ | पाल्पा | लक्ष्मी ढुङ्गाना | |
| २ | नवलपरासी | चक्रपाणी आचार्य | |
| ३ | रुपन्देही, गुल्मी | हरिश्चन्द्र वि.क | |
| ४ | कपिलवस्तु, अर्घाखाँची | लोकनाथ ज्ञवाली | |
| ५ | प्युठान, दाङ, रोल्पा | टेकेन्द्र घर्तिमगर | |
| ६ | वाँके, वर्दिया | जितबहादुर महत | |

प्रदेश नं ६

| क्र.स | जिल्ला | इञ्चार्ज | कैफियत |
|---|---|---|---|
| १ | सुर्खेत, दैलेख, रुकुम | यज्ञबहादुर रेग्मी | |
| २ | सल्यान | रणबहादुर घर्तिमगर | |
| ३ | मुगु | विष्णुमाया भाम | |
| ४ | डोल्पा, कालिकोट | मनिराज वराल | |
| ५ | हुम्ला | संझना वुढा | |
| ६ | जुम्ला, जाजरकोट | देवीकृष्ण चौलागाई | |

प्रदेश नं ७

| क्र.स | जिल्ला | इन्चार्ज | कैफियत |
|---|---|---|---|
| १ | वाजुरा, अछाम | जहरसिंह थापा | |
| २ | वझाङ | गंगा वोगटी | |
| ३ | कैलाली, डोटी | पूर्णा जोशी | |
| ४ | दार्चुला, वैतडी, डडेलधुरा | शान्ताराज जोशी | |
| ५ | कञ्चनपुर | राधालक्ष्मी खरेल | |

नोटः

- जिल्ला इन्चार्जको रुपमा खटिएका सदस्यहरुले सम्वन्धीत जिल्लामा राष्ट्रिय समितिको नीति र निर्णयको जानकारी गराउने, कार्यान्वयन गराउने र काममा समन्वय गर्नु पर्दछ ।
- विधान अनुसार महासङ्घका जिल्लाको वैठक नियमित रुपमा आयोजना गराउन सहजिकरणको भूमिका निर्वाह गर्नुपर्नेछ ।
- राष्ट्रिय समितिको वैठकमा आउँदा जिल्लाको रिपोटीङ नियमित रुपमा प्रस्तुत गर्नु पर्नेछ ।
- पिछडिएको क्षेत्रको हकमा सम्वन्धीत प्रदेश इन्चार्जको समन्वयमा काम गर्नुपर्ने छ ।

माथि उल्लेखित जिम्मेवारी अर्को व्यवस्था नभएसम्मका लागि निर्णय गरिएको छ ।

५ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस महासङ्घको केन्द्र तथा सवै जिल्लामा भव्य रुपमा मनाउने र आगामी ८ मार्चको सन्दर्भमा २०७३ फाल्गुण २५ र २६ गते प्रथम राष्ट्रिय महिला सम्मेलनको आयोजना गर्ने निर्णय गरिएको छ ।

६ महासङ्घको जिल्ला अध्यक्ष भै महासङ्घ तथा आवद्ध संगठनको माथिल्लो कमिटीमा निर्वाचित भएकाको हकमा यथाशीघ्र पदपूर्ति गर्न निर्देशन दिने निर्णय भएको छ ।

७ **<u>वैठकले निम्न वमोजिम विशेष प्रस्तावहरु पारित गरेको छ ।</u>**

**(क)** नेपालको राष्ट्रिय एकता, स्वाधीनता, सार्वभौमिकता, अखण्डता र सामाजिक सद्भावमा आंच पुग्ने गरी नेपालको संविधान संसोधन गर्नका लागि नेपाल सरकारद्वारा व्यवस्थापिका संसदमा प्रश्तुत संविधान संसोधन प्रस्तावको जोडदार विरोध गर्दै उक्त प्रस्ताव अविलम्व फिर्ता लिई संविधानमा उल्लेख भए वमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचनको शीघ्र घोषणा गर्न माग गर्दछ ।

**(ख)**राष्ट्रिय एकता, स्वाधीनता, सार्वभौमिकता भौगोलिक अखण्डता, जातीय ,धार्मिक, सांस्कृतिक तथा साम्प्रदायिक सद्भावका लागि प्रदेशहरुको सिमांकन पहिचान र सामर्थ्यको आधारमा तराई र पहाड मिलाएर गरिनुपर्ने अपरिहार्यतालाई ध्यानमा राखी संविधान संसोधनको प्रक्रियालाई अगाडि वढाउन वैठकले जोडदार माग गरेको छ ।

**(ग)** व्यवस्थापिका संसदवाट पारित भएका र विधेयकको रुपमा प्रश्तुत भएका शिक्षा ऐन, सहकारी ऐन, औद्योगिक व्यवसाय ऐन, विशेष आर्थिक क्षेत्र ऐन लगायत ऐनहरुवाट श्रमिक पेसाकर्मीहरुको ट्रेडयुनियन अधिकारलाई कुण्ठीत गर्नेगरी एकपछि अर्को गर्दै अधिकारको कटौति गर्ने सरकारी नीतिको वैठकले जोडदार विरोध गरेको छ ।

**(घ)** राष्ट्रिय एकता, स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता, जातीय ,धार्मिक, सांस्कृतिक तथा साम्प्रदायिक सद्भावका पक्षमा आन्दोलनमा खटिनु भएका युवा सङ्घ नेपाल रुपन्देहीका अध्यक्ष क दुर्गा तिवारी र राष्ट्र सेवामा समर्पित रहंदै ताप्लेजुङमा कार्यरत वन रक्षक गणेश शाहीको हत्या प्रति घोर भर्त्सना गर्दै उक्त दुवै घटनाका अपराधीलाई सख्त कारवाही गर्न यो वैठक जोडदार माग गर्दछ । साथै दिवंगत प्रति श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजन प्रति हादिक समवेदना व्यक्त गर्दछ ।

धन्यवाद !

२९ पौष, २०७३

विष्णु लामिछाने
महासचिव